सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

# सतर्कताका लागि अनुरोध

निरन्तर वर्षातका कारण देशका विभिंन्न ठाउँहरुमा मानवीय तथा भौतिक क्षतिहरु भैरहेको कुरा यहाँहरु सवैमा अवगत नै रहेको छ, साथै यस गाउँपालिका क्षेत्रभित्र रहेका नदीनालाहरु पनि दिनप्रतिदिन बढ्दो क्रममा रही मानवीय क्षति समेत पु–याएको छ ।

बर्षातका कारण पानीको मुहानमा फोहोरहरु मिसिएको हुनसक्छ जसले गर्दा झाडापाखाला, टाइफाइट, जण्डिस जस्ता आदि सरुवा रोगहरु लाग्न सक्ने भएको हुँदा पानीको मुहान निरन्तर सफा गर्ने, पानी पिउदा उमालेर वा फिल्टर गरेर मात्र पिउने, झाडापाखाला लाग्ने, ज्वरो आउने, जण्डिस, घाउ खटिरा आउने जस्ता लक्षण देखिना साथ स्वास्थ्य संस्थामा गई चेकजाँच गर्न गराउनुहुन सवैमा अनुरोध गर्दछु ।

बासी सडेगलेका खानेकुराहरु नखान, वन जङ्गलमा उम्रिएका नचिनेका च्याउहरु नखान समेत सवैमा अनुरोध गर्दछु । घर भित्रबाट निस्किएका फोहोरमैलालाई उचित विसर्जन गरी सभ्य नागरिकको पहिचान दिनुहुन, झिङ्गा र लामखुट्टेको वृद्धिलाई कम गराई विभिन्न रोगबाट बच्न समेत अनुरोध गर्दछु ।

अन्त्यमा जुनसुकै समयमा पनि भौगोलिक अनुसार बाढि पहिरो आउन सक्ने भएको हुँदा अनावश्यक घर बाहिर ननिस्कन र सुरक्षित रहन सवैमा अनुरोध गर्दछु । साथै केही विपति आइपरेमा वडा कार्यालय, गाउँपालिका, स्वास्थ्य चौकी तथा प्रहरी चौकीमा सम्पर्क गर्नहुन समेत अनुरोध गर्दछु ।

२६ असार २०७७

..................
गुणेन्द्र घर्ती
अध्यक्ष
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा